# रामेछाप जिल्ला अदालतबाट जारी गरिएको सूचना

जिल्ला प्रशासन कार्यालय रामेछापले मिति २०७८।१।३० गते राती १२:०० बजे देखि मिति २०७८।०२।०९ गते राती १२:०० बजेसम्म रामेछाप जिल्ला भर लागु हुने गरी निषेधाज्ञाको आदेश जारी गरी अत्यावश्यक सेवा वाहेकका दैनिक रुपमा प्रवाह हुने सवै सेवाहरू निषेध गरेको परिप्रेक्ष्यमा यस अदालतबाट सेवाग्राहीको लागि प्रदान गरी आएका सेवाहरुमा पनि प्रत्यक्ष प्रभाव पर्न जाने भएकोले सर्वोच्च अदालतको मिति २०७८।१।१४ को वैठकले सम्वन्धित जिल्ला अदालतले स्थानीय परिस्थिति एवं जोखिमको अवस्थाको मूल्यांकनको आधारमा उपयुक्त देखिएको काम कारवाही र सेवा प्रवाहको व्यवस्था सम्बन्धित अदालतले मिलाउने भनि अधिकार प्रदान गरिएवमोजिम रामेछाप जिल्ला अदालतले यस जिल्लामा निषेधाज्ञा लागु रहे सम्मको लागि देहायका कार्यहरु वन्द गर्ने निर्णय भएको व्यहोरा सम्बन्धित सवैको लागि यो सूचना प्रकासित गरिएको छ ।

देहाय

१. तारेख प्रदान गर्ने कार्य
२. वकपत्र
३. वन्दी प्रत्यक्षीकरणको रिट वाहेक अरु रिटको दर्ता लगायतको कार्य
४. देवानी र दुनियावादी फौजदारी मुद्दाका दर्ता
५. फैसला कार्यान्वयनको कार्य
६. रोक्का फुकुवा, नक्कल दिने लगायतका कार्य
७. निषेधाज्ञा लागु भएको अवधिमा पेशी तोकिएका मुद्दाहरुको सुनुवाई

* मिति २०७८।१।२१ गते देखि निषेधाज्ञा लागु रहँदा सम्ममा तारेखमा रहेका मुद्दाको पक्षहरुको तारेख सो अवधिमा तारेख लिन नसकेका कारणले नगुज्रने र निषेधाज्ञा हटेको अर्को दिन नियमानुसार आफ्नो तारेख लिन पाउने

* अदालतले २०७८।१।२१ गते देखि निषेधाज्ञा कायम रहेसम्म आफ्नो काम संकुचन गरेको समयमा कसैको हद म्याद जाने रहेछ भने सो हद म्याद नगई निषेधाज्ञा खुलेको भोलिपल्ट कानून वमोजिम गर्नु पर्ने कार्य गर्ने

०७८।२।२